BLOOD DONORS OF AMERICA
BDA

# पूनर्जीवन

resurrection

Volume 8, Issue I December 2020

## In This Issue:

**President's Message** *Page 1*

हाम्रो धर्म र संस्कारमा नअटाएको रक्तदान *Page 3*

रक्तदानको टि-सर्ट ! Page 5

**Blood Donation and other BDA Activities** *Page 7*

रक्तदानः दान दिने परम्परा हिन्दु संस्कृतिको निधि *Page 8*

**Blood Donation During COVID-19 Pandemic** *Page 10*

**BDA's Synchronized Blood Drive** *Page 11*

**Five Qualities of a Good Doctor: A Wakeup Call Lowdown** *Page 12*

**Pulmonary Hypertension Association Nepal** *Page 13*

अन्तिम पातो
**BDA Committees and more** *Page 14*

## President's Message



First of all, on the auspicious occasion of upcoming winter holidays and New Year 2021, I would like to extend my best wishes to all blood donors and families for good health, prosperity and longevity on behalf of the BDA Central Executive Committee. We recently celebrated Nepali festivals – Dashain, Tihar, and Chhath (2077BS) with our families and loved ones. Festivals allow good time with family and to receive blessings from parents, elders, and relatives. This has a rejuvenating and refreshing effect. However, this year the ongoing COVID-19 pandemic has adversely affected the routine of our daily life activities. Most of us are confining ourselves within our own families and avoiding group activities. I suggest that we continue doing so until the pandemic comes well under control. The good news is that the vaccination against this deadly pandemic has started to the front-line workers and will soon be available to the vulnerable (elderly) people and then eventually to everyone else.

BDA used to publish its Newsletter, "**Punajeevan**", once a month in 2014 and 2015, but it got discontinued in later years because of lack of resources. We tried to resume the publication in various occasions, but it did not get materialized. Finally, we have now a very dedicated five-member team under the coordination of Mr. Lila Shrestha. Other team members include Mr. Baikuntha Raj Acharya, Mr. Tilak Mahato, Mr. Krishna Shrestha, and Dr. Chooda Khanal. BDA Central Executive Committee is committed to providing necessary helps and support to the publication committee. We hope that we will have regular publication issues of Punarjeevan covering BDA activities, useful articles related to blood donation, and encouragement to the donors and more. The frequency of the publications will be decided later. BDA asks all the fellow members and families to provide relevant articles that they would like those to be published in Punarjeevan. The contact information of the publication committee can be found in the following link: http://blooddonorsofamerica.org/publication-committee/

**Wish You All a Very Happy and Prosperous New Year 2021!!!**

Unlike previous years, blood donation has become challenging due to COVID-19 pandemic since March 2020. However, many BDA members have been donating at **Blood Banks** all across the country as there has been a continuous demand of blood and there is nothing to replace it. BDA has been encouraging its fellow members to donate with proper personal safety measures and abiding the CDC guidelines. Moreover, in the last week of September of 2020, BDA organized a synchronized blood donation and was supported by Nepalese Association in Southeast America (NASeA). A significant amount of blood totaling 174 pints was collected across 16 states in 21 cities and was a very successful event. BDA, right after the event, signed a MOU with NASeA in which one clause was to organize synchronized blood donation. BDA has also principally agreed on the agenda initiated by Association of Nepalese in Midwest America (ANMA) to work together with many other Nepali organizations. BDA has taken it very positively and we want to work with various organizations in local (region, state, city) levels to expand its activities to the community levels. Thank you very much and Happy New Year 2021. Long Live BDA!

Always for the Community
With Best Regards,
Lila Raj Dahal, Ph.D
President
Blood Donors of America

**Blood Donors of America (BDA) wishes a Merry Christmas, Happy Holidays 2020 and the COVID free prosperous Happy New Year 2021 to all our community member and blood donors. May the new year bring you all peace, joy and happiness.**



# हाम्रो धर्म र संस्कारमा नअटाएको रक्तदान

उनी त्यो दिनभरी पानी समेत नपिएर निराहार ब्रत बसेकी थिईन। उनको भोकले चाउरी परेको अनुहार र तिर्खाले कलेटी परेका ओठहरुको माया लागेर मैंले एक गिलास पानी र केहि फलफूलका टुक्रा कर गरेर खुवाएँ । भोलिपल्ट दुई घण्टा लामो पूजा सकेर पूरोहितलाई दान-दक्षिणा टक्र्याएपछि उनी लखतरान परेको शरिरलाई सोफामा हवात्त फालेर ढलेकी थिईन। उनको दयनीय अबस्था देखेर मैंले सोधें "यति धैरै त्याग, तपस्या र दान के को लागि बुढी ?"

उनले माघ महिना सम्म बोटमै छुटेका रसबिहिन सुन्तलाका केस्रा जस्ता फुस्रा ओठहरुमा थोरै मुस्कान ल्याउँदै भनिन "तिम्रै लागि नि बुढा "। म आफू टन्न तीन छाक खाएर बसेको थिएँ । अरु दिन भन्दा फूर्ति पनि निकै आएको थियो । सायद उनको त्यो तपस्याकै प्रभावले पो हो कि ? मैले पनि आफूलाई खासै कस्ट नदिइकनैं उनले जस्तै धर्म कमाउने उपाय केहि छ कि भनेर सोच्न थालें । श्रीमानले पनि श्रीमतीको लागि गर्नु पर्ने यस्ता कुनै ब्रत पूजा पाठ कतै हाम्रो धर्म संस्कारमा छन कि भनेर सम्झन खोजें। तर अहं कहिं केहि देखिन । भोलिपल्ट हाम्रो चम्पापुर जेसिसले रक्तदान कार्यक्रमको आयोजना गर्दै थियो । म आफूले चाहिँ रक्तदान गर्ने कुनैं सोच नभएपनि आयोजकको नाताले कार्यक्रमको चाँजो-पाँजो मिलाउन ब्यस्त नै थिएँ । त्यहिं रक्तदान गर्दै गरेका एकजना चिनेका दाइले "ओ अमर भाइ, तिमी पनि दिने होइन रगत ? " भनेर प्याच्च सोध्नु भयो । आफ्ना बाउ-बाजे त के खलकमा समेत कसैले नगरेको यो काम कसरि गर्ने होला भनेर मैंले "खोइ दाइ मेरो त रगत नैं पुग्दैन होला" भनेर टार्न खोजें। "हे भाइ केहि हुन्न के । म पनि तिमी भन्दा कति नैं स्वस्थ छु र । उ उहाँ नर्स बहिनीहरुले जाँचेर ठिक छ भने मात्र त लिने हो नि । दिनुस धर्म हुन्छ। उहाँ कति बिरामीहरु रगत नपाएर छटपटी रहेका छन । कसलाई के थाहा र भोली कथङ्कदाचित तपाई हामीलाई नैं पो रगत चाहिने हो कि ? यसैगरी तपाईंले जस्तै सबैले या उ गरेर रक्तदान गरेनन भने त्यतिबेला हाम्रै लागि पनि त रगत नपाउन सक्छ नि । हो कि हैन भन्नुस त ? "

मलाई त्यो दाइको भाषण सुन्ने जाँगर त थिएन । तैपनि उहाँले त्यसो भन्दै गर्दा एक महिना अघि आफ्नै काकाको अपरेसनको लागि आवश्यक परेको रगतको जोहो गर्ने दश ठाउँमा भौंतारिएको यादआयो । ओहो हुन त हो नि, रगत कारखानामा बनाउन मिल्दैन कसै न कसैले त दिनैं पर्छ। मेरो पिताजीको धैरै बर्ष पहिले साइकल दुर्घटनामा परेर उपचार गर्दा पनि थैला का थैला रगत दिनु परेको थियो रे भनेर आमाले भन्नु हुन्थ्यो । त्यो रगत पनि त हामी जस्तै कसै न कसैले आफ्नो शरिर बाट दिएकै होलान। जब अरु कसैको रगत मेरा आफन्त र मेरा लागि जीवनदान हुन सक्छ भने मैले पनि त अरुकोलागि सोच्नु पर्यो नि।यो त मेरो कर्तब्य र



**डा. अमर कार्की**

वेस्ट पाम बिच, फ्लोरिडा

धर्म दुबै हो भन्ने मनमा आयो । त्यसमाथि पनि यो त मैले चाहे जस्तै स्वयमलाई कस्ट पनि नहुने खर्च नि सुको नलाग्ने। मनमा यस्तै सकारात्मका कुरा आइरहेको बेलामा फ्याट्ट आर्को डरछेरुवा मनले भने अड्को थाप्यो "हुन त हो, तर फेरि म रगत दिएपछि कमजोर भएर ढले भने ? आफैलाई रगत कमि पो हुने हो कि ? रगत झिक्दा पिडा पो हुने हो कि ? आदि आदि !"

तर आफ्नै आँखा अगाडि साथिभाइहरुले खुईं खुईं रक्तदान गरेर प्रफुल्ल हुँदै घरतिर लागेको देखे पछि भने मैंले पनि जे पर्ला पर्ला, केटोले आँट्यो अब भनेर कस्सिएँ । हिजो मात्रै "रक्तदान-जीवनदान " भनेर ठुला- ठुला अक्षरमा ब्यानर लेखेर झुड्याउने मैं हुँ भन्न पनि शरम लाग्छ हो नत्र त भन्ने पनि आयो मनमा र कमिजको बाहुला माथि सारेर दाहिने पाखुरा तेर्साएर पल्टिएँ । सुईले घोच्दा कमिलाले टोके जस्तो चिसिक्क भए पनि आज घरमा गएर आफ्नो पुरुषार्थ सुनाउन पाउने मीठो कल्पनाले एक पोको रगत निकालेको पत्तै भएन । अचम्म त के भयो भने रक्तदानका बारेमा सुनेका ति किम्बदन्ती र आफ्नै मनमा उब्जेका शंका-उपशंका सबै मिथ्या पो साबित भए। कुनै कमजोरी पनि महसुस भएन मलाई त । उल्टो चारधाम नै पुगेर आए जस्तो गर्वित हुँदै घरतिर लागें । तर घर पुगेर सबैलाई आफ्नो आजको पौरख सुनाउँदा परिवारबाट आफुले आशा गरेजस्तो प्रतिक्रिया नपाउँदा अलिकति खल्लो चाहिं लाग्यो। यो पुण्य काम गर्ने हिम्मत र प्रेरणा के ले दियो त भन्ने कुरा सुनाए पनि "हुन त हो तर त अलि कमजोर नै छस नि त बाबु त्यसैले भन्या " भनेर प्राय सबैले माया

र

दया नैं देखाउनु भयो । "कति न परिवारका अरु बलिया-बाङ्गाले सधैं रक्तदान गरे जस्तो ! मैंले थाहा पाए सम्म त्यस अघि हाम्रा एक जनाले रगत दिएको भए मरिजाम ।

स्वयम आफैंलाई पहिलोपटक यसमा सहभागि हुन यत्रो वर्ष र प्रेरणा चाहियो भने पछि यसमा नौलो मान्नु पर्ने कुनैं कुरा छैन भनेर म मौन बसें । तर बेलुका श्रीमतीलाई चाहिं उनको ब्रत र पूजाको प्रतिफल निकै राम्रो आयो नि भनें । उनले आँखैको इशाराले कसरि नि भनेर सोधिन । तिमीले मेरो लागि यत्रो दुख-कष्ट गर्यौ, मैंले आज रक्तदान गरेर आएँ । खोई मलाई त केही भएन । बनको बाघले खावोस-नखावोस, यो मनको बाघले पो तर्साएको रहेछ हामीलाई । उल्टो मेरो यो रगतले कसैको ज्यान बच्ने भयो भनेर हो कि, मन र तन दुबै चङ्गा पो भएको छ । आज ठुलै धर्म गरियो । अब तिमी र म फेरि-फेरि पनि रक्तदान गर्नु पर्छ है भनें । तैपनि उनले पुरानै संवाद दोहोर्याईन "नाईं डर लाग्छ मलाई त । कहिल्यै दिएको छैन्"। ठिकै छ म अरु एक-दुई पटक दिन्छु, अनि तिमीलाई आँट आउँछ होला भनेर सम्झाएँ । त्यसयता श्रीमती हप्ताको एकपटक ब्रत बसे झै मैले चाहिं वर्षको कम्तिमा एक पटक रक्तदान गर्ने गरेको छु । रक्तदान गर्ने इच्छा भएपनि हिचकिचाइ रहनु भएका धेरै साथिभाइहरुलाई यहि कथा सुनाएर पहिलो पटक साहस जुटाउन सहयोगी बन्ने गरेको छु ।

हरेक पटक यो पुण्य कार्य पछि म आफुलाई बडा सन्तोष मिलेको अनुभव गर्छु । हजुरबाले जस्तो पूजा-पाठमा लीन र बुवाले जस्तो सामाजिक सेवामा तल्लिन हुन नसके पनि बुवाको ४५ औं दिनको पुण्य तिथीको अवसर पारेर यस वर्ष पुनः रक्तदान गरेर आएँ । आज एकछाकिको दिनमा रगत दिंदा हजुरलाई गार्हो हुन्छ कि भनेर श्रीमतीले अल्झाउन खोज्दै थिइन। "केही हुँदैन । तिमीहरुले अन्नका गेडा मुखमा नहाली दिनभर ब्रत बस्दा त ढल्दैनौ भने मैले त एक छाक खाएकै छु । आजको दिनमा यो भन्दा धर्मको काम अरु के होला र ? " भनेर सम्झाएँ । हुनपनि शुभकार्य गर्छु भनेर मनमा अठोट लिए पछि यस्ता मनका बाघलाई त्यसै पछारिंदो रहेछ । मेरो पिताजीले भन्नुहुन्थ्यो "हेर बाबु हाम्रो धर्म र संस्कृतिमा समावेश नगरिएकोले यस्ता परोपकारी कार्यहरुमा अझै पनि मानिसहरु हिचकिचाई रहेका हुन । तर आफुले यसलाई मानब धर्म र कर्तव्य सम्झेर सम्पन्न गर्दै जानु पर्छ । यसबाट सधैं आत्मसन्तुष्टि मिल्दछ ।"

# Heartfelt Condolence

With the sad news of untimely demise of the life member and the former exec board member of Blood Donors of America (BDA) Ms. Ira Acharya, BDA pray with heavy heart to rest her departed soul in eternal peace and express its heartfelt condolences to bereaved Acharya families.

Ms. Acharya was a very valuable asset and a strong pillar of BDA . She had completed effectively and successfully the responsibility of BDA's central board publication activities in 2016 and the very task of program coordinator for BDA's second convention 2018 in Atlanta, Georgia.



# रक्तदानको टि-सर्ट !



**भगवती पौडेल**

डालस, टेक्सस

उनी कामबाट आईन् । भित्र पस्दा सुनसान थियो । वानबेडरुम अपार्टमेन्ट, सानो तर क्यूट । वरिपरि हेरिन् । सोफामा एउटा सेतो रंगकोकपडा लड्किएको थियो । खोलेर हेर्दा अंग्रेजीमा "कार्टर ब्लड केयर, गिभ ब्लड सेभ लाइफ" लेखिएको टि-सर्ट थियो त्यो ।

अमेरिका आएको केही वर्ष भएतापनि बसोवास र कामको पूर्ण मेसो मिलिसकेको थिएन । झन्डै एक वर्ष नेपाल बसेर फर्किएका उनकाश्रीमान फेरी नेपाल जाने तरखर मै थिए । एकमनले उनले सोंचिन् नेपाल नजाने विचारले नयां जागिर खोजेछन क्यारे त्यो पनि रक्तदानगर्ने ठाउँतिर । फेरि बिजनेस विषय पढेकोले रक्तदानको काम कसरी पाउलान ? अर्को मनले आफैलाई प्रश्न गरिन्।

एकछिनमा उनको श्रीमान भित्र पसे ।

"आज बैंक जाँदै गर्दा मनमा एउटा बदमासी आयो । फर्किंदा पुरा पनि गरें । " श्रीमानले भने ।

उनीहरु बसेको अपार्टमेन्ट अमेरिकामा रहेको नर्थ टेक्ससमा पर्ने सर्मन सिटीमा थियो । त्यहाँबाट बैंकअफ अमेरिकाको ब्रान्च अफिसमाजानु पर्यो भने डेनिसन सिटीमा जानु पर्दथ्यो । जाँदैगर्दा नर्थ ट्राईभ स्ट्रिट हुँदै हाईवे ९१ को दायाँतिर "यु क्यान डोनेट योर ब्लड हेयर" भनेरलेखिएको रहेछ । बैंकबाट फर्कंदा उनको श्रीमानले रक्तदानको टिसर्ट दानबाट नै प्राप्त गरेर ल्याएका रहेछन् ।

गर्मीको समय थियो । एकदिन श्रीमानले ल्याएको सेतो रंगको हल्का कटनको कपडामा बनेको उही रक्तदानको टि-सर्ट लगाएर उनी साँझपख सागसब्जी लिन अल्वड्सन स्टोर गइन् ।

उन्टरमा सामान चेकआउट गर्दै गर्दा क्यासियरले "वाओ , यू आर द ब्रेभगर्ल ! थ्यांक्यू फर योर ब्लड "। भन्दै गर्दा उनी अलमलिए झैं भईन् । खासमा उसले टि-सर्टलाई औंल्याएर भनेको रहेछ ।

नेपालमा पनि रक्तदानका कुरा नसुनेकी होईनन् । मौका मिलेको थिएन दान गर्ने । श्रीमानले दानगरेको रगतबाट पनि त्यो दिन उनकोसामान किन्ने ठाउँमा गर्वले छाति फुलेको अनुभूत भयो । उनलाई राम्रै काम गरेछन् श्रीमानले भन्ने लाग्यो ।

समयले कोल्टे फेर्यो । उनिहरु बसेको पुरानो ठाउं छोडेर फेरी टेक्ससको अर्को सहर अर्भिंग डालसमा बसाई सरे ।

यो सहरमा नेपालीहरुको पनि बाक्लो उपस्थिति थियो । नेपाली समाज, नेपाली मन्दिर, बुद्ध र पशुपतिनाथ सबैको स्थापना थियो यहाँ । सप्ताहान्तमा विभिन्न चाडवाड, तिथि अनुसार केही न केही कार्यक्रमहरु भै रहने ठाउँमा एक किसिमको नेपाल विर्साउने वातावरण थियो ।

एक आईतबार, बुद्ध पूर्णिमाको दिन थियो त्यो । नेपाली मन्दिरमा अन्य दिन भन्दा अझ बढी चहलपहल थियो । उनी पनि त्यहाँ पुगिन् । पार्किंगलटमा ठूलाठूला दुईतीनवटा बसहरु स्थिर थिए । बाहिर भित्र भिड भाड थियो । मन्दिरमा सामान्य दर्शन पछि उनी पनिचहलपहलतिर आकर्षित भईन् ।

खास त्यो चहलपहल "ब्लड डोनर्स एसोसिएसन् अफ अमेरिका" को रहेछ । त्यो दिन मन्दिरमापहिलेदेखिको मनको पुकार सुने झैं भो उनलाई । उनले पनि रक्तदान गर्ने मौका पाईन् ।

नाम लेखाउने, फारम भर्ने, एक बुंद ब्लडबाट आइरन र हेमोग्लोविनको मात्रा जाँच्ने, सरुवा रोगले असरयूक्त ठाउँ गएनगएको सबैकुराकोरेकर्डबाट उनी पास भईन् । दंग परेर रक्तदानको पर्खाईमा बेडमा बसिसकेकोबेला उनको श्रीमानको फोन आयो । फोन उठाएर "अहिले मबोल्न मिल्दैन । आवाज पनि सुनिएन । टेक्स्ट गर्छु है ।" भन्दै फोन राखिन् ।

"आज म कति खुशी छु । मैले रक्तदान गर्न लागेकी छु नि । आज ४ बजे सम्म रैछ । हजुर पनि मिल्यो भने आनुहोस है । म यहीं हुन्छु ।" श्रीमानलाई टेक्स्ट पठाईन् । जवाफ केही आएन ।

रक्तदान गरिसके पछि 'कार्टर ब्लड बस' को पछाडिको ढोका निर बस्ने ठाउं थियो । उनी संगै रक्तदान गर्ने एकजनाले रगत जति दानगर्यो उति नै आफु ताजा र स्फुर्त भएको कुरा गरे । अर्को एकजनाले ५० पटक रक्तदान गरिसकेको कुरा बताए । दुई/तीन जना आधारभूतजाँचमा नै पास भएनन् र मन भएर पनि रक्तदान गर्न नपाएकोले खिन्न हुंदै फर्किए ।

बाहिर निस्किएपछि उनलाई एउटा प्याकेट थमाईदिए । त्यो प्याकेटमा एक एक समोसा, लड्डु, बर्फी मिठाई र निम्किन राखिएको थियो ।उनले पनि प्याकेट हातले च्यापिन् । भोलेन्टियरहरुले रक्तदान गरेकोमा धन्यवाद भनेर लेखिएको प्रमाणपत्र दिने गरेको र त्यसको लागिसही नाम भए नभएको रुजु गराए । एकछिनमा रक्तदानको आयोजना गर्ने संस्थाका प्रमुखहरु आए । उनी लगाएत अरुलाई पनि प्रमाण-पत्र वितरण गरे । फोटो खिचे । उनी पनि गदगद भईन् । उनलाई ठुलै काम गरेछु झै लाग्यो ।

बुद्ध पुर्णिमाको दिन भएकोले मन्दिरमा प्रवचनको पनि कार्यक्रम थियो । प्रवचन सुन्दै घरिघरि फोनको मेसेज हेरिन् । श्रीमानको कुनैरेस्पन्स आएन । अन्य चिनजानका मन्दिरमा उपस्थितहरुसँग गफगाफ गर्दै बसिन । चार बज्यो । उनी घर गईन् । उनीसँग पहिले श्रीमानलेल्याए जस्तो रक्तदानको टिसर्ट त थिएन प्रमाणपत्र भने थियो ।

श्रीमान कामबाट घर आइसकेपछि पनि कुनै रेस्पन्स नगरेको बाहिरबाट नै थाहा लाग्यो । अचम्म । भेटेपछि पनि कुनै प्रतिक्रिया आएन । मानौ ठुलै भूल भए झै भयो ।

"म त अँघि नै आउँथे नि , हजुर आउनुन्छ कि भनेर पर्खेर पो बसेकी थिएं । के भयो ? मेसेज पनि गर्नु भएन ।" यति भन्दा पनि प्रतिक्रियाआएन । उनले के भूल भयो चालै पाईनन् ।

नबोलेर नै साँझको खानपिन भयो ।

भान्सामा भाँडा माझ्दै गर्दा उनको हात गले झै भयो । कार्टर ब्लडकी नर्सले "यो हातले आज बोझ पर्ने केही काम नगर्नु है " भनेकी थिई । साबुन कै हातमा थचक्क भूईंमा बसिन उनी । काम सकेर बस्न उचित ठानेर विस्तारै उठिन् । सबै भाँडा पखालेर सकेपछि उनलाई कस्तोकस्तो महँसुस भयो । चीसो पानी खाउँ कि भन्दै गिलास समाईन् । एक पटक आवाज दिईन् " सुन्नु भयो ? यहां आउनुस न ।"

अलिबेर सुनसान भयो । स्टडीरुममा फेसबुक खोलेर दिउसोदेखि उनले राखेका दिनभरिका रक्तदानका तस्वीर हेर्दै थिए उनका श्रीमान । कोठा खुलै भएकोले श्रीमानले उनको आवाज सुनेका थिए । उठेर भान्साति र आए । भान्साको फ्रिज र क्लजेटको बीचमा डंलंग्न परेकी , मुखबाट केही पदार्थ बाहिर पोखिएको एउटा डरलाग्दो अवस्थामा श्रीमानले उनलाई देखे । हत्तपत्त मूलद्वारको ढोका खुला गरेर फोनमाआपतकालिन नम्बर- ९११ दबाएर एकहातले फोन समाए अर्को हातले उनको टाउको ।

करिव पाँच मिनेटमा नै एम्बुलेन्स आयो । बडेमानका सुटेडबुटेड पुलिसहरु भित्र पसे । पुछपाछ पारेर माथिको टि-सर्ट निकालिदिए । अर्को ओबानो कपडा ल्याउन भने । यत्तिकैमा उनको होस आयो । उनलाई दुई पाखुरामा आड लगाएर कुर्सीमा बसाले । "कोकाकोला छ?" भनेर एउटाले सोध्यो । अलिकति कोकाकोला खुवाए । पाखुरामा रक्तदानको पट्टी थियो । उनीहरुले चाल पाए रक्तदान गरेको कुरा। प्रसस्त रगत नहुनेहरुले रक्तदान दिंदा यस्तो धेरैलाई हुने गरेको कुरा बताए । "यो सामान्य हो । अन्य केही समस्या छैन भने अस्पतालजानु पर्दैन झोलिलो कुरा खाएर आराम गरे हुन्छ " भन्ने सल्लाह दिएर गए ।

भोलि पल्ट फेसबुकमा धेरैले रक्तदान जस्तो पुन्यकाम गरेकोमा बधाई दिईरहेका थिए । हेर्दा सबै तस्वीरहरु दंग थिए ।

उनको श्रीमानको कमेन्ट भने एस्तो थियो "तस्वीरहरुमा देखिएको जस्तो जीवन हुने भए वास्तविकतामा कोही दु:खी हुनेथिएन । दानपछिको हालत बेहोर्नेलाई मात्र थाहा हुन्छ ।"

यो कमेन्ट हेरेर अमेरिकामा चिनजान भएको केवल एकजना दिदीले उनलाई मेसेज गरेर सोधेकी थिईन् "के भयो र बैनी ?" भन्दै । नेपालबाट केही नजिकका आफन्तले पनि फोन गरेर सोधेका थिए ।

उनको श्रीमान रिसाएर प्रतिक्रिया नदिनुको कारण पनि रक्तदान दिन जानुभन्दा अँघि भन्दै नभनी अन्तिममा सतर्क गराउने मौका नैनपाएकोमा रहेछ । एकाएक के हुने हो

धेरै जसो प्रेसर लो हुने गर्छ भन्ने चिन्ता रहेछ श्रीमानलाई । नभन्दै केही भएरै छाड्यो ।

पहिलो पटक रक्तदान गरेर समाजसेवा गर्न चाहने, रक्त दान जीवन दान को पुन्य कमाउने र रक्तदानको टिसर्ट लगाउने रहर हुनेहरुले आफूलाई स्वस्थ राख्न पनि उत्तिकै जरुरी छ । उनको अनुभवको आधारमा निम्न कुरामा ध्यान दिन पनि जरुरी छ;

- रक्तदान गर्न जाने दिन राम्रोसँग भोजन गरेर साथमा पानी, जुस आदिको जोहो गरेर जानु पर्छ ।
- घरमा आफ्नो ख्याल र चासो राख्नेहरुसँग पहिले नै परामर्श गर्नु पर्छ ।
- साथमा आफूलाई सहयोग गर्ने साथी सँगै हुनुपर्छ ।
- रक्तदान गरिसकेपछि हुलमुल र औपचारिकतातिर अलमल नगरी आराम गर्ने तर्फ लाग्नुपर्छ ।
- रक्तदानको दिनलाई तनाव रहित भएर विताउन सक्ने वातावरण मिलाउनु पर्छ ।



# Blood Donation and other BDA Activities




*Mr. Tika Poudel* *Dr. Lila Raj Dahal*

Blood Donors of America, BDA, is the 501-c(3) organization dedicated for blood donation in the continental USA. In addition, BDA also works for health talks and health camps and has been working since it was established. BDA was established on June-14-2009, World Blood Donors Day, and was registered in the state of New York. So far, BDA has conducted various health related talk programs several times a year from various experts on Ebola virus, bone marrow transplant, motivation for blood donation and the series of talks on COVID-19 at the earlier state of the pandemic in spring-2020. The topics of those talks varied from avoid contracting COVID-19 by following safety protocols and CDC guide-lines to fight against COVID-19, if someone gets infected as well as keeping moral up in such a difficult time etc. We thank all the speakers and participants in those talks to make them interactive/informative and useful.

In addition to the 15 member Central Executive Committee, BDA has been expanded at the state levels with state coordination committees. The state level committee coordinates blood donation and other BDA activities at varies cities in the respective states. Also, there are four regional committees corresponding to time zones in the continental USA and are coordinating with state coordinators for BDA activities.

Until second convention held in May-2018 at Atlanta, GA, BDA had 331 life members and 411 total members. The total of 8282 pints of blood was collected by BDA's initiative with state of Texas leading in both number of blood donation and the membership. The detail of BDA activities was published in the special second convention edition of Punarjeevan and is available in the BDA website www.blooddonorsofametica.org under Media/ publication.




After second convention and the current executive committee took over at the end of May-2018, 1330 pints of blood has been collected. So, 9612 pints of blood has been collected so far with BDA's initiative altogether. In terms of life members, the current committee has added 61 and hence the total number of life members now is 392. We also have more than 80 general members, even though most of the memberships are expired, as the general membership only lasts for 2 years. The general members will be contacted for renewal and will be encouraged to be life member. The graph below shows the blood donation activities since May-2018 by months.

Since most of the activities in America remain slow in the winter due to cold weather, blood donation is not an exception. So, as the graph shows, fewer blood donations had happened in the winter than summer. However, this year 2020, the donation is heavily overshadowed by ongoing COVID-19 pandemic. All the outdoor blood collection campaigns were cancelled due to safety concern and so only limited blood donations happened indoors. Regular donors in various states continued donating at the neatest blood banks. Huge thanks go to such heroes for taking initiative to save more lives as there was real shortage of blood in many places and we got call from blood banks like Carter Blood, Vitalant etc.

Notable blood donation activities after COVID-19 hit include synchronized blood donation in 16 states on Sep-26-2020 weekend with the collection of 175 pints of blood. Nepalese Association in Southeast America (NASeA) actively participated the event and encouraged various local organizations in NASeA region to make it successful. NRNA local chapters and some local communities also helped for the success of the campaign. BDA has thanked all organizations and communities to participate in the synchronized blood donation campaign and hopes similar support in future to saves more lives. Also, a blood donation campaign was organized on Nov-08-2020 at Dallas, TX on the first death anniversary of BDA Executive Committee Member Mrs. Ira Acharya. 20 pints of blood was collected in that event. Nepalese Community at Lubbock, TX has been continuously conducting blood donation campaigns at Lubbock in every 2-3 months with latest event on Nov-28-2020 in which 10 pints of blood was collected.

Once again, thanks to all blood donors for continuously donating in such a difficult time and encourage to donate by abiding CDC guidelines and keeping yourself safe. Hopefully, the spread of COVID-19 will slow down with the success of ongoing vaccination and we will be back to normal in near future. Happy New Year 2021.

# रक्त दान: दान दिने परम्परा हिन्दु संस्कृतिको निधि



विश्वराज अधिकारी

ऋषि दधिचिले असुरहरूलाई मार्नको लागि तयार गरिने हथियार-'वज्र' निर्माण गर्नका लागि आफ्नो हाड देवताहरूलाई दान गरेका थिए। उनको शरीरको हाडहरूबाट मात्र त्यो वज्र बन्न सक्थ्यो। त्यो वज्रले मात्र असुरहरूलाई पराजित गर्न सकिन्थ्यो। असुरहरूले स्वर्गमा कब्जा गरेका थिए। देवताहरूलाई जोगाउन वा उनीहरूको अस्तित्व लोप हुन नदिन ऋषि दधिचिले मृत्यु वरण गरेका थिए। आफ्नो शरीर दान गरेर देवता जातिको रक्षा गरेका थिए, कल्याण गरेका थिए। दान दिनेहरूमा ऋषि दधिचिको नाम अग्र पङ्क्तिमा आउँछ।

पौराणिक कथा 'महाभारत' का एक अति चर्चित एवं शक्तिसाली पात्र कर्ण वीरता र पराक्रमका लागि मात्र चर्चित थिएनन साथै दान दिनका लागि पनि चर्चित थिए। दान दिनमा निकै चर्चा कमाएकोले नै उनको नाम दानवीर कर्ण रहन गएको हो।

कर्ण कुन्तीको कोखबाट जन्मेका थिए। कर्णको पिता सूर्य हुन। सूर्यले कर्णलाई 'कुण्डल र कवच' वरदान दिएका थिए। उनी जन्मिंदा नै कुण्डल र कवच सहित जन्मेका थिए। कर्णको कानमा कवच हुँदासम्म उनको कसैले पनि हत्या गर्न नसक्ने वरदान उनले आफ्ना पिता सूर्यबाट पाएका थिए।

महाभारत युद्धमा कर्णको नियुक्ति तेस्रो सेनापतिको रुपमा भएको थियो। त्यो युद्धमा विजय हासिल गर्न कर्णको हत्या गर्नु पाण्डवहरूको लागि आवश्यक हुन पुगेको थियो। महान् योद्धा कर्ण जीवित हुँदा सम्म महाभारत युद्ध जित्नु सम्भव थिएन। अर्कोतिर कर्णसँग कुण्डल र कवच हुँदा सम्म उनीकसैबाट पराजित हुने र मारिने स्थिति थिएन। पाण्डवहरूले विजय हासिल गर्न कर्णवाट उनको कुण्डल र कवच अलग पार्न आवश्यक थियो।

कर्णबाट उनको कुण्डल र कवच अलग पार्न एक षडयन्त्रको रचना भयो। अर्जुनका पिता देवराज इन्द्र, ऋषिको भेषमा कर्ण समक्ष पुगे र उनले कर्णसँग उनको कुण्डल र कवच दानको रुपमा मागे। दान दिनका लागि ख्याति कमाएका कर्णले आफ्नो कुण्डल र कवच भगवान इन्द्रलाई दिए। आफूले दान दिने भनेर अठोट गरिसकेको हुनाले कर्णले तत्काल आफ्नो कानबाट कुण्डल र कवच झिकेर दिए। इन्द्रले छल गरेर आफूबाट कुण्डल र कवच लिएको भन्ने कुरा कर्णलाई थाहा थियो। तर आफूले दान दिने भनी वचन दिएको हुनाले उनले इन्द्रलाई सहर्ष कुण्डल र कवच दिए। दानको परम्परालाई जीवित राखे। दानको मर्यादा कामय गरे।

पौराणिक कथा अनुसार राजा महाबलीले एक उत्कृष्ट राज्य सञ्चालन गरेका थिए। जनतालाई अति सुखी र खुसी राख्नमा ख्याति नै आर्जन गरेका थिए। उनले त्यतिकै ख्याति दान दिनका लागि पनि आर्जन गरेका थिए। उनी महा दानी थिए।

भगावान विष्णुका परम भक्त दैत्य राजा महाबली अति वलशाली र पराक्रमी थिए। उनले कहिले पराजित नहुने वरदान विष्णुबाट पाएका थिए। त्येही वरदानको प्रयोग गर्दै उनेल स्वर्ग जितेका थिए। स्वर्ग र सम्पूर्ण पृथ्वीमा महाबलीको कब्जा थियो।

देवता (सुर) हरूमा हाहाकार थियो किनभने उनीहरूले राज्य गुमाएका थिए र उनीहरूको राज्य (स्वर्गम) मा महाबलीको कब्जा थियो।

देवताहरू हार गुहार गर्न भगवान् विष्णुको शरणमा पुगे। राजा बलीलाई मारेर उनीहरूको राज्य-स्वर्ग फिर्ता दिलाई दिन आग्रह गरे। आफ्नै शिष्यको हत्या गर्न अस्विकार गर्दै विष्णुले तर एक नया युक्ति रचेर महाबलीलाई शक्तिहीन बनाउने योजना निर्माण गरे।

महाबलीले ठूलो यज्ञ गरेर ब्राहमणहरूलाई अनेक किसिमका दानहरु गरि रहेको बेलमा भगवान् विष्णु छल गर्दै एक अति गरिब ब्राहमणको भेषमा यज्ञ स्थलमा पुगे। दानको रुपमा केही पाउने याचना पनि महाबली समक्ष राखे। महाबलीले प्रश्न गरे, "ब्राहमण महोदय तपाँइलाई म के दिन सक्छु वा तपाइँको माग के हो भन्नु होस।" बामन औतारमा रहेका ब्राहमण ( भगवान् विष्णु) ले भने, "राजा महाबली मलाई मात्र तिन पाइला जमिन दिनु होस।"

महाबलीले हुन्छ भन्दै ब्राहमणलाई पाइलाले जमिन नाप्न आग्रह गरे। आफ्नो पाइलाले जमिन नापिरहेको बेलमा नै ती ब्राहमण भगवान् विष्णुको रुपमा प्रकट भए। विष्णुले आफ्नो पाइला ठूलो पारेर पहिले पृथ्वी नापे। राजा महाबलीबाट पृथ्वी लिए। त्यस पछि स्वर्ग नापे, राजा महाबलीबाट स्वर्ग लिए। विष्णुको तेस्रो पाइला राख्नका लागि केही पनि नभएकोले राजा महाबलीले आफ्नो टाउको थापे।

राजा महाबलीले दान दिने आफ्नो परम्परालाई कामय राख्न आफ्नो

सम्पूर्ण राज्यहरू दान दिए। विष्णुले उनीसँग छल गरेको थाहा पाएर पनि उनले दान दिन नामञ्जुर गरेनन। दान दिए नै।

वैदिक संस्कृति वा हिन्दु संस्कृतिमा दानवीरहरूले दान दिएर दानको परम्परा कायम राखेको अनेक उदाहरणहरू छन।

पछिल्लो समयमा आएर हाम्रो समाज निकै व्यक्तिवादी हुँदै गयो। दक्षिण एशिया दान दिनका लागि वा सेवा कार्य गर्नका लागि चर्चित हुन सकेन। दक्षिण एशियाले दान र समाज सेवाको क्षेत्रमा ख्याति आर्जन गर्न सकेन। २०३५, २०३६ सालतिर वा सो भन्दा पहिले नेपालमा कुनै बिरामीलाई रगत चाहिएमा रगत पाउन अति कठिन हुन्थ्यो किनभने रक्त दान गर्ने व्यक्ति पाउन कठिन हुन्थ्यो। हाम्रो समाज संकुचित समाज हो, दानी समाज होइन।

२०३२ सालतिरको कुरा हो, मेरो एक मित्रको पितालाई वीरगंजको सरकारी अस्पतालमा भर्ना गरिएको थियो। उहाँको शरीर (दिसा) बाट अति नै रगत गएकोले रगत दिनु पर्ने भयो। रक्त दान गर्ने व्यक्तिहरूको खोजि भयो तर रक्तदान गर्ने कोही व्यक्ति भेटिएन। पछि एक रिक्साबाला रक्त दान गर्न तयार भए। तर ती रिक्साबालाले रक्तदान गरे बापत ४०० जति रुपैया लिन्छु भने। साथीले ती रिक्साबालासँग रगत खरिद गरे। पछि के पनि सुनियो भने ती रिक्साबालालाई एक दलालले बिरामीको गार्जियन सम्म पुर्याएको थियो। त्यो दलाल त्यस अस्पतालको वरिपरि बसेर रगत किनबेच कार्यमा संलग्न थियो। त्यो दलालले रिक्साबालासँग १०० रुपैया लियो किनभने उसले रगत खरिदकर्तासँग जानकारी प्राप्त गरेको थियो र त्यो जानकारी रिक्साबालालाई दिएको थियो।

अहिले वर्तमानमा, समयमा केही परिवर्तन आएको छ। मानिसहरू रक्त दान गर्न स्वेच्छाले तत्पर हुन्छन। त्यैपनि खोजेको बेलामा विभिन्न समूहको रगत पाउन गार्हो छ।

त्यसकारण रक्त दान गरौं। पुन्य आर्जन गरौं। जीवन रक्षा गरौं।

# हार्दिक श्रद्धाञ्जली

**ब्लड डोनर्स अफ अमेरिका (बिडिए) को आजिबन सदस्य, बिडिए फ़्लोरिडा राज्यको संयोजक तथा बिडिए प्रकाशन समितिको सदस्य डा. चूड़ामणि खनाल जी को पिताजी डिल्ली राज खनाल ज्यूको नोभेम्बर २ तारिखमा कोभेड-१९ को कारणले असामयिक निधन भएको दुखद खबरले हाम्रो कार्यसमिति सहित सिंगों बिडिए परिवार स्तब्ध भएको छ । पिताजीको आत्माले बैकुण्ठ लोकमा बास पाओस् भनि प्रार्थना गर्दै सबै शोकाकुल खनाल परिवारमा बिडिए गहिरो समबेदना ब्यक्त गर्दछ।**



# Blood Donation During the COVID-19 Pandemic



**Nanda Regmi, Ph.D., DVM**
Dallas, TX

### Donation in a Traditional Way

It's been more than a decade now that I have been engaged directly in human life saving mission through sharing lifeline fluid - the blood. We, as promised blood donor volunteers in the name of "Blood Donors of America (BDA)", usually used to organize mini to mega blood drive campaigns that used to draw 10 to 135 donors in a single event on a single day. The campaigns used to receive strong support from all walks of life - government and non-government social entities and social heroes. The recent outbreak of "Severe Acute Respiratory Syndrome Coronavirus 2 (SARS-CoV-2)", the virus that causes Coronavirus Disease 2019 (COVID -19), caused a challenging environment forcing local and state government to impose ban on mass gatherings and group social activities because of increased public health and safety issues. This situation led the BDA to change its traditional practice to a safe way of donating blood following CDC's coronavirus safety rules guided by the scientific findings.

### Challenging Context

Our first effort was to educate BDA family and ordinary people across the USA and beyond about the characteristics of COVID-19 by organizing scientific talk programs through ZOOM. Since scientifically proven preventive and control measures are needed to curb the Coronavirus pandemic, we gathered information from reliable sources, such as Centers for Disease Control and Prevention (https://www.cdc.gov/coronavirus/2019-ncov/index.html), World Health Organization (https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019), Johns Hopkins University and Medicine (https://coronavirus.jhu.edu/), and University of Texas Southwestern (https://www.utsouthwestern.edu/covid-19/), and then delivered them to communities in simple languages both in Nepali and English. Several researchers and medical fellows of the BDA family helped in the efforts of educating people.

We soon found our way to do community services even though the large gatherings were not allowed by federal and state law enforcement. We practiced and taught the recommended non-pharmacological interventions, such as 6-feet social distancing, face masking, frequent hand washing or sanitizing, movement restrictions, and avoidance of large gatherings, to help reduce the pathogenic spread of the virus. In such a changed contextual situation, we modified our way of donating blood by complying with the safety guidelines of government and scientific research findings. We started scheduling blood donation individually at the blood bank and also encouraged other volunteers to do the same. The blood banks were found to be complying with all the measures of control of virus spread and also following the safety protocols in almost all areas of BDA activities across the USA with few exceptions in some places. Thus, with very little interruption, we have been able to keep our community obligations and commitments of blood donation and social services going in BDA organization.

### Importance of Blood Donation During COVID-19 Outbreak

COVID-19 has a severe impact on the life of everyone. People has to be confined within the shelter which has caused anxiety like mental disorder in some population in addition to increase in body weight due to restricted movement and reduced physical activities. All these unnatural episodes of changed living habits have caused mental and sociological stress in one hand. On the other hand, there has been a shortage of blood supply due to the reduced number of blood donors and at the same time, an increased demand of blood for critically ill patients. Thus, knowing the situation of urgency of blood demand in the country, the BDA volunteers decided to lead a momentum of volunteerism and organized several blood donation events across the USA complying with COVID-19 regulations of government institutions. BDA involved several social and community organizations across the country in its mission, i.e. blood donation, and trying its best to help people and the government to save human lives.

**BDA's Help to Save Human Lives and Support Government**

a) The main goal of BDA is to create public awareness about the importance of blood donation, health education, and donate blood to save lives. During COVID-19 outbreak, the blood supply is low whereas the demand stayed the same or even higher. In such a critical period of time, BDA's blood donation drives across the USA have been of some help in meeting the blood demand.

b) People are restricted in their shelter because of stay-home orders in cities enforced by the government to help reduce virus spread. That has caused anxiety and fear in many people. When volunteers got out of their house and involved in social activities in person, they felt some relief from the social distress and fear of COVID-19.

c) Blood banks offered SARS-CoV-2 Antibody test to the donors. This test is very useful to know if the donor was exposed to the disease unknowingly. It is also very helpful to control the spread of the virus and BDA volunteers cooperated with the blood banks' offer.

d) People are restricted to their shelter at home during COVID-19 outbreak. The restriction in movement may have caused or contributed to accelerate the illness of people with pre-existing conditions. To donate blood, donors must go through a mandatory health screening and is free. This screening can provide some idea about the current health condition of the donor. If any abnormal conditions are found, then he or she is suggested to get examined by health professionals. So, this has been also a plus point for the donors.

e) We are also successful to convey a positive message to the community that there is a way where there is a will.

Thus, BDA has been working and fulfilling its mission even when the situation is unfavorable and risky.

# BDA's Synchronized Blood Drive 2020



# Five Qualities of a Good Doctor: A Wakeup Call Lowdown

Have you ever felt like your physician was about to give you a hiding for your failure to adhere to a prescribed care plan? Or perhaps you've been berated by your physician at some point for one reason or another. Well, you are not alone. While various factors such as cultural dispositions may dictate the doctor-patient relationship, troubling encounters may put a strain on an otherwise good relationship, often to the detriment of the patient's health. As a result, incidences of distrust, violence and cynicism towards the entire medical profession are not uncommon. How can healthcare providers, especially doctors, find a common ground where trust, empathy, professionalism, and care are valued tenets? Here is a on the core aspects that make a good doctor and which need to become a pervasive feature of medical training and practice. After all, good medical practice goes beyond the repair of torn ligaments and prescribing medications.

**1. Adherence to the Hippocratic oath**

While it may seem like a no-brainer, the Hippocratic Oath calls upon a doctor to uphold certain ethical standards in the treatment of a patient. This includes, but is not limited to, showing empathy and offering respectful care regardless of a patient's creed, social or economic status or race. It's imperative upon physicians not to knowingly harm their patients and to value their patients' privacy.

**2. Engagement in continuing education and personal growth**

The medical field has been growing by leaps and bounds, especially with continued use of technologically advanced tools and approaches to care. In the same vein, the gains made in medical research and emerging theories mean that doctors can only offer high quality and individualized care after accessing various medical resources. Present-day complexities in medical specialties mean one thing: a doctor needs to engage in innovative research and to involve other healthcare specialists in the development of a tailored care plan to fit a patient's needs. The good doctor is constantly learning and acquiring new skills. Her learning curve is in an upward trajectory- regularly updating her skills and questioning new knowledge.

Similarly, when a physician communicates coherently to a patient regarding the treatment options available, he or she is more likely to engender trust. This tends to foster strong doctor-patient bonds, without which healthcare delivery is fraught with unending hiccups. Conversely, a doctor who lacks the essential skills needed for patient engagement is likely to fall into disrepute, which in turn may lead to public aggression or disregard for the profession.



**Dr. Manoj Bhattarai**
**West Palm Beach, Florida**

**3. Acquiring requisite experience**

Practice makes perfect. So goes the old adage, which applies to medical practice as well. Truth be told: "Good judgment comes from experience and experience comes from bad judgment." Medical errors are common feature of the profession. However, doctors have a hard time dealing with their misdeeds and would rather sweep them under the rug owing to two reasons: the fear of malpractice suits and the shame attributable to dropping the ball.

Doctors are fallible, as are all human beings. However, pushing them against the wall when medical errors occur only aggravates the situation. Such physicians may either opt to blame others or, at worst, ignore the problems. Public apprehension also makes it difficult even for experienced doctors to own up to their faults. Perhaps, if patients and the media alike were more empathic, doctors would be more open to learning from their mistakes as opposed to being guilt-ridden and evasive.

**4. Engaging family members in patient care**

Illness can have a profound effect on a family, more so if the patient happens to be the family's sole breadwinner. Such family dynamics tend to affect patient care and a physician cannot afford to disregard the family's involvement. Through coordinated care, a good doctor is

better poised to share the patient's concerns and promote mutual understanding on the best course of action.

Furthermore, the good doctor helps the family interpret complex medical information to avert biases or misconceptions that may arise when information is misinterpreted. The physician may also play a pivotal role in preventing conflict or negative judgment and loathing by helping the family come to terms with the patient's condition based on an objective standpoint.

**5. Listening attentively**

Oftentimes, an overwhelming patient burden and time constraints preclude doctors from becoming active listeners. As a result, they may fail to keep tabs on a patient's emotions and cognitive data or to conduct separate family meetings to address certain issues. Empathetic listening is a must-have skill for every physician. It's incumbent upon medical schools to help their students hone the skill through practice.

A good doctor pays attention and accommodates a patient's perspective, even when it's not evidence based. For instance, instead of adopting a biased opinion of a patient failure to take medication, a physician should investigate the socio-dynamic factors such as patient's financial situation, transportation, access to a pharmacy, and cultural/religious beliefs before ascribing blame to the patient.

**In a nutshell**

A doctor of good repute attempts to uphold a patient's basic right to medical care and exercises discretion while handling a patient's confidential information. She takes a proactive role in enhancing the efficacy of healthcare delivery through continuing education and research. She is thoughtful, eager to lend an ear to her patients and well equipped to take the reins when the situation demands it. Moreover, she shares her expertise with patients, trainees and fellow professionals in an effort to foster a holistic approach to patient care that delivers the desired results.

# Pulmonary Hypertension Association Nepal

Pulmonary Hypertension Association Nepal (PHA Nepal) को आयोजनामा मिति २०७७।०९।०९ (Dec 24, 2020) का दिन नागार्जुन नगरपालिकाको वडा नं १०, स्युचाटार स्थित अमरज्योति माध्यामिक विद्यालयमा वाथ मुटुरोग, पल्मोनरी हाइपरटेन्सन स्क्रीनिङ तथा कोभिड १९ सचेतना कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रमवाट नागार्जुन नगरपालिका वडा नं १० मा रहेको अमरज्योति माध्यामिक विद्यालयका ३२९ जना कक्षा १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई सानै उमेरमा वाथ मुटुरोग, पल्मोनरी हाइपरटेन्सन जस्ता समस्या छ छैन भनी स्क्रीनिङ गरेर हेरियो । स्क्रीनिङ गर्दा समस्या देखिएमा त्यसको उपचारवाट कुनै पनि वालवालिका वन्चित हुन नपरोस भनि आयोजक संस्थाले त्यसको सम्पूर्ण उपचार गर्ने उद्धेश्यले सिविर संचालन तथा कोभिड १९ सचेतना कार्यक्रम गरिएको थियो । बाल तथा मुट्ठ रोग विशेज्ञ डा,: नारायण बहादुर बस्नेत, डा रोशन खतिवडा, डा: सहदेव बिडारी लगायत स्थानिय नर्स तथा स्वयम् सेवकहरु प्रति PHA Nepal हार्दिक आभार प्रकट गर्दछ। PHA Nepal ले BDA को उध्देस्यलाई पूर्ण समर्थन गरी आगामी दिनहरुमा मानव कल्याणका खातिर सहकार्य गर्ने छ।







## BDA Executive Committee (2018-2021)

**President**: Dr. Lila Raj Dahal, OH
**IPP:** Dr. Nanda Regmi, TX
**Executive VP:** Resham Gharti, TX
**VP:** Sanjeev Shrestha, NJ
**General Secretary**: Satish Gupta, SC
**Joint Secretary:** Sanjay Shrestha, IA
**Treasurer:** Ram Dangol, GA
**Joint Treasurer:** Kapil Adhikari, TX
**Member:** Balananda Bhandari, MD
**Member:** Late Mrs. Ira Acharya, TX
**Member:** Maheswar Pant, MA
**Member:** Sharada Shrestha, CA
**Member:** Shiva Kaphle, TX
**Member:** Tika Poudel, CO
**Member:** Dr. Narayan Khadka, NC (2018-2020)

**Advisers:**
Dr. Nanda Regmi, TX
Dr. Gopi Uprety, VA
Dr. Dron Gauchan, CA
Bijaya Thapa, VA
Binod Roka, NY
Kiran Marahatta, VA
Madhab Sharma, TX
Manish Shakya, NC
Nima Sherpa, NY
Padam Biswokarma, CO
Sanjay Thapa. NY
Shiva Bista, NC
Shree Prasad Parajuli, NY
Todd Abner, TX

We are on the web
http://blooddonorsofamerica.org/

**Punarjeevan Publication Committee**

**Coordinator:** Lila Shrestha, TX
**Member:** Baikuntha Raj Acharya, TX
**Member:** Tilak Mahato, AZ
**Member:** Krishna Shrestha, FL
**Member:** Dr. Choodamani Khanal, FL

***Disclaimer:***
***Articles published in this issue of Punarjeevan are the personal thought of the Authors.***
***The Publication committee is not responsible for its content.***

अन्तिम पातो

# फोटो आफैँ बोल्छ









